निणर्य नं १

यस गाउँपालिकामा तपशिलमा उल्लेखित समितिहरु गठन गर्ने र उक्त समितिमा तपशिलका पदाधिकारीहरुलाइ मनोनयन गर्ने निर्णय गरियो ।

तपशिल

**क) सावर्जनिक सेवा तथा क्षमता विकास समिति**

संयोजक श्री रमिता तिरुवा

सदस्य वखत पराजुली

सदस्य कलम वहादुर शाही

सदस्य देववहादुर थापा

सदस्य सान्ती वली

ख) सामाजिक विकास समिति

संयोजक रुद्धवहादुर विष्ट

सदस्य प्रेम वहादुर पुन

सदस्य मनसरा वि.क

सदस्य कमला के.सी

सदस्य लोकवहादुर रोकाय

ग ) पुर्वाधार विकास समिति

संयोजक वखत कुमार सापकोटा

सदस्य मिना सिंह

सदस्य तुलसी आचार्य

सदस्य तेजवहादुर थापा

सदस्य खगिसरा नेपाली

घ) वियेयक समिति

संयोजक  भक्त वहादुर शाही

सदस्य वमवहादुर वि.सी

सदस्य लोक वहादुर डाँगी

सदस्य कृष्णा नेपाली

सदस्य प्रेमवहादुर सुनार

ङ ) आर्थिक विकास समिति

संयोजक दुर्गा कुमारी वि.क

सदस्य धना नेपाली

सदस्य चन्द्रवहादुर थापा

सदस्य टेकवहादुर भण्डारी

सदस्य खगिसरा थापा

**च ) वातावरण तथा विपद व्यवस्थापन समिति**

संयोजक संञ्चिता वि.क

सदस्य यमुना चन्द

सदस्य खगेन्द्रवहादुर थापा

सदस्य प्रमिला सुनार

सदस्य शुशिला खड्का

## छ) लेखा समिति

संयोजक राजुकुमार खत्री

सदस्य  उदय न्यौपाने

सदस्य तुलशी आचार्य

## ज) स्रोत अनुमान समिति

संयोजक नगेन्द्र वहादुर मल्ल

सदस्य खगिसरा नेपाली

सदस्य दुर्गा वि.क

सदस्य संचिता वि.क

सदस्य खगिसरा थापा

सदस्य लोकवहादुर डाँगी

सदस्य राजुकुमार खत्री

सदस्य उदयराम न्यौपाने

सदस्य खगेन्द्र वहादुर थापा

सदस्य टेकवहादुर भण्डारी

सदस्य वमवहादुर वि.स

सदस्य सचिव प्रमुख प्रशासकीय अधिकृत

उ.वा संध प्रतिनिधी आमन्त्रीत सदस्य

वनउपभोत्ता महासंघ प्रतिनिधी

## झ ) वजेट तथा कार्यक्रम समिति

संयोजक गाउँपालिका प्रमुख  नगेन्द्रवहादुर मल्ल

सदस्य गाउँपालिका उपप्रमुख

सदस्य वडा अध्यक्ष सवै

प्रमुख प्रशासकीय अधिकृत

योजना शाखा प्रमुख

## ञ) अनुगमन तथा सुपरिवेक्षण

संयोजक गाउँ उपप्रमुख सिता ज्ञवाली

सदस्य वमवहादुर वि.सी

सदस्य दुर्गा वि.क

सदस्य प्रमुख प्रशासकीय अधिकृत

सदस्य योजना शाखा प्रमुख

निर्णय नं २

यस गाउँपालिका अर्न्तगतका गाउँ सभाका सभासदहरुको पोशाकमा एकरुपता ल्याउनको लागी पोषाक अनिवार्य गर्ने र उक्त कार्यकालागी वजेट विनियोजनका  दोस्रो गाउँ सभामा अनुमोदनको लागी सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं ३

यस गाउँपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृत ,लेखा शाखामा काम गर्ने कर्मचारी र प्रशासन शाखामा कार्यरत कर्मचारीहरुले , तोकीएको शाखाका अतिरित्त अन्य शाखाको कामकाज गर्नु पर्ने र कार्यव्यवस्तताका कारण कार्यालय समय भन्दा अन्य समयमा कामकाज गर्नु पर्ने भएकोले  अन्य शाखामा कार्यरत कर्मचारी नहुन्जेल सम्मका लागी खाजा खर्च तथा प्रोत्साहन भत्ता स्वरुप कार्यकारी अधिकृत , लेखाशाखाका कर्मचारी र प्रशाशन शाखा प्रमुखलाइ    प्राविधिक शाखामा कार्यरत कर्मचारीहरुको तहको आधारमा उपलव्ध

गराइएको रमम वरावरको रकम मिति २०७४ साल फागुन महिना देखि उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं ४

यस गाउँपालिकाको पहिलो गाउँ सभावाट कर, शुल्कहरु छुट हुन गएकोले तपशिलका दरले कर सुल्क र दस्तुर लिने निर्णय गरियो ।

तपशिल

जग्गा सिफारिस रु (ग) फाराम ३००

चार किल्ला सिफारिस ३०० प्रति कित्ता

मिलापत्र दस्तुर वडामा ५००

गाउँपालिकामा रु १०००।

निवेदन दस्तुर रु १००।

मदिरा निषेधित क्षेत्रमा मदिरा विक्रि वितरण गर्नेलाइ ५०००। पाँच हजार गर्ने

मदिरा निषेधित क्षेत्रमा मदिरा शेवन गर्नेलाइ रु ३००० । तीनहजार जरिवाना गर्ने

नक्सापास दर तल उल्लेखित वमोजिम हुनेछ ।

| क्र.स. | घरको बनावट | रागमार्ग तथामुख्यबजार सडकको दायाँनयाँबन्ने घरको प्रतिवर्गफिट रु. | अन्य पिच सडकको दायाँबाया ँबन्ने घरको प्रतिवर्गफिट रु. | कै. |
|---|---|---|---|---|
| १ | आर सि.सि. ढलान बनावट | - | - | |
| क | भुइँतला | २।५० | २।०० | |
| ख | प्रथमतला | ३।०० | २।२५ | |
| ग | दोश्रो तला र सो भन्दामाथि | ३।५० | २।५० | |
| २ | लोड बियरिङ बनावटको ढलान तथा कडीपोल | - | - | |
| क | भुइँतला | २।०० | १।५० | |
| ख | प्रथमतला | ३।०० | १।७५ | |
| ग | दोश्रो तला र सो | ३।५० | २।०० | |

| | | | | |
|---|---|---|---|---|
| | भन्दामाथि | | | |
| घ | इटालाई सि.म.माले मसलाजोडाई छाना भएको | - | - | |
| क | भइँतला | १।२५ | १ | |
| ख | प्रथमतला | २।२५ | १।७५ | |
| ग | दोश्रो तला सो भन्दामाथि | २।५० | २।०० | |

**डुङ्गेश्वर गाँउपालिका डाँडापराजुल,दैलेख**

**नक्सापास गर्दा रेखाकन शुल्क (ले आउट)**

घर नक्सा यस निबेदनफारम :५००।-
(क) ६५ वर्ग मी सम्म७००।००
(ख) ९१ वर्ग मी देखि ९० वर्ग मी सम्म १०००।००
(ग) ९१ वर्ग मी देखी ११५ वर्ग मी सम्म१२००।००
(घ) ११६ वर्ग मी देखीमाथि २०००।००

निर्णय नं ५

यस गाउँपालिकाको सभाहलका लागी चाहिने आवश्यक फर्निचर र विभिन्न शाखाहरुमा चाहिने उपकरण यन्त्र आवश्यक सामानहरु खरिद गर्नको लागी विनियोजित वजेट वाट नियमानुसार खरिद गर्न गाउँपालिकालाइ जिम्मा दिने निर्णय गरियो ।

निणर्य नं ६

आसन्न राष्टपति रनिङ्ग सिल्ड प्रतियोगितामा २ नम्वर वडा भित्र रहेको जनकल्याणमा हुन उक्त कार्यक्रममा जाने अतिथिहरुको सत्कार तथा विविध खर्चको वडा नं २ कार्यालयका लागी रु ३००००। तीस हजार मात्र नियमानुसार हुने गरि उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं ७

यस गाउँपालिकामा वडा नं ५ साविक डाँडापराजुल गाविस वडा नं २ वस्ने गजवहादुर सिंहको नाती टेकवहादुर सिंह को छोरा वर्ष २३ को रविन्द्र वहादुर सिंहले दुल्लु नगरपालिका वडा नं १३ साविक मालिका गाविस वडा नं २ वस्ने रामवहादुर शाही को नातीनी गोवद्धन शाहीको छोरी वर्ष २३ को दुर्गा कुमारी शाही विच सामाजिक परम्परा अनुसार विवाह भएको र मिति २०७४।६।९ गते यस कार्यालयमा सम्वन्ध विच्छेदका लागी निवेदन उजुरी परकोमा दुवै पक्षलाइ वोलाइ विभिन्न मितिमा छलफल गराउदा पनि सहमति हुन नसकेको

कारण उक्त विवादित मुद्धालाइ आवश्यक व्यवस्थाका लागी सम्मानित जिल्ला अदालत दैलेखमा पठाउने निर्णय गरियो ।

निर्णय नं ८

यस गाउँपालिकामा नक्सापास प्रयोग गर्ने सम्वन्धमा यस गाउँपालिकाको गाउँकार्यपालिका वैठक भन्दा अघि निर्माण भएका भवनहरुको अभिलेखीकरण राख्ने प्रयोजनका लागी ३५ दिनको सूचना प्रकाशित गर्ने र उक्त मिति भित्र सवै भवनहरुको लगत राख्नका लागी गाउँपालिकावाशीहरुलाइ अनुरोध गर्ने र अव उप्रान्त नयाँ निर्माण हुने भवनहरुको सर्न्दभमा गर्न गाउँपालिकाको अनुमति लिइ मात्र नक्सापास गर्नुहुन सवै वडा कार्यालय मार्फत जानकारी गराउने निर्णय गरियो ।

निर्णय नं ९

यस गाउँपालिकाका लागी चाहिने विभिन्न ऐन, नियम , विनियम , निर्देशिका कार्यविधी विधान मापदण्ड तयार गर्ने र एकिकृत सम्पति कर निर्देशिका एकिकृत सम्पति कर सप्ठवेयर , अभिमुखिकरण कार्यक्रम , आयलेखा सप्ठवेयर ,योजना सप्ठवेयर , मोवाइल एप्स , जिन्सी सप्ठवेयर तयार गर्नको लागी सात लाख पचास हजार मात्र रकम विनियोजन गर्ने र हाल यस कार्यालयको भवनमा पुर्ण रुपमा सवै विषयगत कार्यालय र विषयगत समितिहरुको कार्यालय स्थापना गर्न समस्या स्थापना भएका कारण यस कार्यालयको पूर्व पट्रीको भागमा रहेको चौरमा लागत अनुमानको आधारमा अस्थायी प्रकृतिको भवन निर्माण ( ट्रस्ट ) निर्माण गर्न गाउँपालिका कार्यालयलाइ जिम्मा दिने निर्णय गरियो ।

निर्णय नं १०

यस गाउँपालिका वडा नं ३ मा पर्ने चौखुडा वागिना रातामाटा सडकमा विवाद आएकोले सो विवादको प्रकृति कारण र वस्तुस्थिति सहितको प्रतिवेदन दिनको लागी तपशिलका सदस्यहरु रहने एक समिति निर्माण गर्ने निर्णय गरियो ।

तपशिल

संयोजक सीता ज्ञवाली

सदस्य सवै वडाध्यक्ष

सदस्य इन्जिनियर

सदस्य सम्वन्धित वडा सचिव

निर्णय नं ११

यस गाउँपालिका गाउँ सभाको सभासदहरुलाइ गम्भिर प्रकृतिका रोग लागी विरामी भएमा रोगको प्रकृतिका आधारमा रु २५०००। पञ्चिस हजार मात्र दिने निर्णय गरियो ।

निर्णय नं १२

यस गाउँपालिकाको आजको कार्यपालिकाको वैठक नसकिएकोले मिति २०७४।१२।१९ गते विहान ११ वजे पुन : वैठक वस्ने गरि स्थगित गर्ने निर्णय गरियो ।

निर्णय नं १

यस गाउँपालिकाका तपशिलका वडाहरुमा जग्गा खरिद तथा दान दातव्यवाट जग्गा प्राप्त कार्यका लागी खरिद व्यवस्थापन तथा नियमन गर्नको लागी तपशिलका सदस्यहरु रहने गरि समिति गठन गर्ने गर्ने निर्णय गरियो

तपशिल

वडा नं १ देखि ६ नं वडा सम्मका लागी

संयोजक सम्वन्धित वडा अध्यक्ष

सदस्य सम्वन्धित वडाका एक जना महिला सदस्य

सदस्य सचिव सम्वन्धित वडाका वडा सचिव

निर्णय नं २

यस गाउँपालिकामा रहेका दलित समुदायको दलित लक्षित कार्यक्रमलाइ रु ५४००००। पाँच लाख चालिस हजार वजेट विनियोजन भएकोमा उक्त वजेट मध्येवाट वडानं १ ,६, ३ लाइ ८००००। असीहजार का दरले र वडा नं २,४,५ लाइ १००००० एकलाखका दरले वडा मा गठन भएका दलित संजाललाइ कार्यक्रम वनाइ वडापालिकावाट स्विकृत गराइ कार्यक्रम संचालन गर्न दिने निर्णय गरियो ।

निर्णय नं ३

यस गाउँपालिकामा महिला संजालका लागी रु ६००००० छ लाख  विनियोजन भएकोमा प्रत्येक वडाहरुमा १०००००। एक लाखका दरले कार्यक्रम संचालनका लागी विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं ४

यस गाउँपालिकामा वडा नं १ मा रहेको गठन भएको सचेतना केन्द्रमा रहेको शिशु स्याहार केन्द्र संचालन तथा व्यवस्थापनका लागी रु १३५०००। एक लाख पैतिसलाख हजार मात्र उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं ५

यस गाउँपालिकाका सवै वडामा रहेका एकल महिला विकास कार्यक्रमका लागी विनियोजन भएको रकम रु २२५०००। दुइलाख पञ्चिसहजार मात्रलाइ  वडा  नं १,२,५ लाइ४०००० चालिस हजार र वाकी वडाहरुलाइ ३५०००। पैतिस हजार मात्र दरले घुम्ति कोष खडा गर्नको लागी विनियोजन गर्ने निर्णय गरियो

निर्णय नं ६

यस गाउँपालिका रहेका जेष्ठ नागरिक सम्मान कार्यक्रमका लागी रकम ९०००० नव्वे हजार रकम विनियोजन भएकोमा प्रति वडा १५००० का दरले विनियोजन गर्ने र रु १२०००। सम्मान कार्यक्रम र रु ३००० व्यवस्थापन खर्चका लागी सम्वन्धित वडामा पेश्कि दिइ कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं ७

यस गाउँपालिकाका  रहेका एच.आइ भि सक्रमितहरुको  सहयोग कार्यक्रमका लागी विनियोजन रकमलाइ तथ्यांक संकलन गरि वडामा  विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं ८

यस गाउँपालिकामा रहेका तपशिलका पुरातात्विक, धार्मिक, साँस्कृतिक ,सम्पदाहरु निर्माणका लागी पुरातत्व विभागमा अनुरोध गर्ने निर्णय गरियो ।

तपशिल

१) श्री वज्रभैरव /कालभैरव /देउती वज्यै  मन्दिर साविक डाँडापराजुल ५ दैलेख

२) मष्टाथान मन्दिर साविक वेलपाटा गा.वि.स हाल वडा नं १ मा  मष्टाथान मन्दिर समजी शिवजी मन्दिर

३) भैरव मन्दिर साविक डाडाँपराजुल गा.वि.स ३ हाल वडा नं ५

४) दलित वस्तीको भैरम थान लाकुरी वडा नं २

६) वडा नं ६ मा रहेको डुङ्गेल मन्दीर

निर्णय नं ९

यस गाउँपालिका वडा नं ६ मा रहेको आग्र ,ज्यामिरे ,खानीचौर क्षेत्रमा हाल सम्म पनि विद्युतको पहुँच नभएकोले विद्युतको  लागत अनुमान तयार गरि दिनु हुन  नेपाल विद्युत प्राधिकरण दैलेख शाखामा अनुरोध गर्ने र आवश्यक वजेट व्यवस्थापनका नेपाल विद्युत प्राधिकरण केन्द्रीय कार्यालय काठमाण्डौमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं १०

यस गाउँपालिकाको पहिलो गाउँसभावाट कर्मचारीहरुको तलव शिर्षकमा विनियोजन भएको सवै रकम खर्च हुन नसकी वाकी रहने भएकोले हाललाइ रु ३५०००००  पैतिस लाख तपशिलका शिर्षकमा विनियोजन गर्ने निर्णय गरियो ।

तपशिल

| | |
|---|---|
| पाङकोट पानिनाउला सडक वडा नं १ रु | १०००००। |
| गाउँपालिका भवन पूर्वाधार निर्माण  रु | १००००००। |
| खानिचौर खोप केन्द्र वडा नं ६ | ५००००। |
| पिपलचौतारा मा.वि  रु | १५००००। |
| सिता मा.वि कृषि क्याम्पस | १५०००००। |
| परामर्श र तालिम  रु | २५००००। |
| वडा नं १ चुप्रा चर्च निर्माण | १३३०००। |

निर्णय नं ११

यस गाउँपालिका वडा नं ६ खानीचौरमा पोखरी निर्माण विनियोजन भएको रकम रु ९००००। नव्वे हजार मात्र वाट यस वर्ष पोखरी निर्माण सम्पन्न गर्न नसकीने भएकोले पाइप खरिद गर्नै गरि संसोधन गर्ने निर्णय गरियो ।

निर्णय नं १२

यस गाउँपालिका वडा नं ५ मुसुरकोट खानेपानी मर्मतका लागी गाउँ सभावाट विनियोजन भएको रकम रु १८०००। अठार हजारलाइ करेली मेला खानेपानी मर्मत योजनामा संसोधन गरि कार्यान्यवन गर्ने निर्णय गरियो ।

निर्णय नं १३

यस गाउँपालिकामा रिक्त रहेका तपशिलका पदहरुलाइ नियमानुसारको आवश्यक प्रकृया करार सेवामा विज्ञापन गरि करार सम्झौता गर्ने निर्णय गरियो ।

तपशिल

रा.प अनं प्रथम श्रेणी ओभरसियर १ जना

रा.प अनं द्धितिय श्रेणी कृर्षि प्राविधिक १ जना

श्रेणीविहिन वर्थिङ्ग सेन्टर लाकुरी सहयोगी  १ जना

निर्णय नं १४

यस गाउँपालिकावाट सरसफाइ कार्यक्रममा विनियोजन भएको रकम रु ५८५००। वाट वडा नं १ चुप्रामा  वडा नं ६ डुङ्गेश्वरमा गठन भएका वजार व्यवस्थापन समितिलाइ ठेला खरिद गर्नका लागी वरावर रकम विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं १५

यस कार्यालयमा कन्टेन्जेन्सी र अनुदानवाट पारिश्रमीक पाउने सहायक तथा श्रेणीविहिन पदमा करार सम्झौतावाट सम्झौता गरिएका कर्मचारीहरुलाइ  करार सम्झौताका लागी निर्णय भएका मिति देखि लागु हुने गरि पारीश्रमीक दिने निर्णय  गरियो ।

निर्णय नं १

यस गाउँपालिकामा तपशिलमा उल्लेखित विद्यायन समिति कार्यपालिकावाट दफावार छफपेश भएका ऐन नियम कार्यविधि निर्देशिका मापदण्ड विधान माथि छलफल भयो । उक्त ऐन, नियम ,कार्यविधि निर्देशिका ,मापदण्ड, विधानहरुलाइ हिउदे सभा ( २०७४।१२।२९ )गते हुने सभामा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं २

यस गाउँपालिकाको गाउँ कार्यपालिकाको आजको वैठक नसकिएकाले मिति २०७४।१२।२९ गते विहान ८.०० वजे पुनः वस्ने गरि स्थगित गर्ने निर्णय गरियो ।

निर्णय नं १

नेपाल सरकार अर्थ मन्त्रालय सिंहदरवार काठमाण्डौको स्थानीय तहमा वजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पति हस्तान्तरण सम्वन्धी निदेर्शिका ,२०७४ को दफा ५ को खण्ड ५.६ अनुसार गाउँकार्यपालिकाले निर्णय गरि वडा स्तरको कार्यक्रम संचालन को लागी स्थानीय संचित कोषवाट रकम खर्च गर्न सम्वन्धित वडा कार्यालयको नाममा छुटै खर्च खाता संचालन गर्ने व्यवस्था भए वमोजिम यस गाउँपालिकाका वडा कार्यालयहरुमा नियमानुसार खर्च खाता संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं २

यस गाउँपालिका वडा नं २ मिति २०७५साल वैसाख ३ गते देखि राष्टपति रनिङ्ग सिल्ड हुन गइरहेकोले उक्त रनिङ्ग सिल्ड तयारीका लागी फिल्ड निर्माण गर्नु पर्ने भएकोले गाउँपालिका कार्यालयवाट लागत अनुमान तयार गरि कार्य सम्पन प्रतिवेदनका आधारमा भुक्तानी जनकल्याण मा.वि विद्यालय व्यवस्थापन समितिलाइ उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं ३

यस गाउँपालिका वडा नं २ लाइ वि.स २०७७ साल भित्र  पुर्ण सरसफाई वडा घोषणा गर्ने कार्यक्रम रहेकोले रणनैतिक योजना कार्यानवयनका लागी  पहिलो चरणका रु ५००००। पचासहजार मात्र रकम विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय ४

यस गाउँपालिका वडा नं १ चुप्रा वजार पुर्व  उत्तर क्षेत्रमा ( गैरी) भन्ने स्थानमा पुर्व लाकुरी खोला, पश्चिम चुप्रा वजार ,उत्तर लोहोरे खोला, दक्षिण खाडा गाउँ यति चार किल्ला रहेको जग्गामा औद्योगिक ग्राम स्थापनाका लागी प्रयाप्त मात्रमा  खुल्ला सार्वजनिक जग्गा रहेको र उक्त स्थानमा निजी जग्गा समेत चलनचल्तीको मुआव्जा उपलव्ध गराइ सजिल्लै जग्गा प्राप्ती गर्न सकिने भएकोले प्रदेश स्तरिय औद्योगिक ग्राम स्थापना गर्नको लागी प्रदेश सरकार र नेपाल सरकार सँग अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं ५

यस गाउँपालिका वडा नं ५ मा रहेको वाच्कोटी सिंचाइ पोखरीका लागी रकम रु ९०००० नव्वेहजार विनियोजन भएकोमा सिंचाइ पोखरी योजनालाइ संसोधन गरि सिंचाइ पोखरी मर्मत योजनामा रकम संसोधन गरि कार्यान्वयन गर्नु निर्णय गरियो ।

निर्णय नं ६

यस गाउँपालिका वडा नं ५ मा मुसुरीकोट खानेपानी योजनाका लागी रकम विनियोजन हुदा १८००००। एक लाख असिहजार विनियोजन हुन पर्नेमा  १८०००।अठार हजार मात्र विनियोजन भएकोमा रु १८०००। ह्जार मात्र मुसुरीकोट खा.पामा विनियोजन भएको र वचत भएको रु १६२०००। एक लाख वैसठीहजार ने रा आधारभुत  विद्यालय पाङ्गकोटको घेरवारमा विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं ७

यस गाउँपालिका वडा नं १ मा चुप्रामा रहेका स्वास्थ्य चौकी चुप्रालाइ स्तरोउन्नती गरि प्राथमिक स्वास्थ्य केन्द्रमा रुपमा स्थापना गर्नको लागी सम्वन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं ८

यस गाउँपालिका वडा नं १ जारेखाला मटेला सडकका लागी रु ४५००००। चार लाख पचास हजार मात्र विनियोजन भएकोमा उक्त योजनालाइ जारेखोला  दलित वस्ती मटेला साल्डाँडा गोरेटो वाटो लागी रु २२५०००। दुइ लाख पञ्चिस हजार र जारे खोला झाक्रीटोल मोटर सडक निर्माणका लागी रु २२५००००। दुइलाख पञ्चिस हजार मात्र विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं १

यस गाउँपालिकामा दर्ता भइ विद्यायन समिति, गाउँ कार्यपालिका,वाट छलफल भइ गाउँ सभामा सिफारिस भएका तपशिलका विद्येयकहरुमा छलफल भइ सर्व सम्मत पारीत भइ कानुनको अंग भइ प्रभावकारी कार्यान्वयन गर्न गाउँपालिकाकालाइ निर्देशन दिने निर्णय गरियो ।

## तपशिल

## ऐन

१ विनियोजन ऐन २०७४

२) आर्थिक कार्यविधी नियमित तथा व्यवस्थित गर्न वनेको ऐन २०७४

३) कर तथा गैर कर राजश्व लागाउँने र उठाउने सम्वन्धमा वनेको ऐन २०७४

४)न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधीका सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन २०७४

## नियमावली

आधारभुत तथा माध्यामिक शिक्षा नियमावली २०७४

गाउँ कार्यपालिका कार्य सम्पादन नियमावली २०७४

## विनियमावली

गाउँपालिका कर्मचारी कल्याण कोष विनियमावली २०७४

## निर्देशिका

गाउँ साझेदारि विकास कोष टोल विकास संस्था संचालन सम्वन्धी निर्देशिका २०७४

## कार्यविधी

आधारभुत तहको शिक्षा परिक्षा संचालन अनुगमन तथा व्यवस्थापन गर्नका लागी तयार पारिएको कार्य विधी २०७४

गाउँ कार्यपालिकाको वैठक संचालन सम्वन्धी कार्यविधी २०७४

गाउँ सभा संचालन कार्यविधी २०७४

घ ग.वर्गका निर्माण व्यवशायी इजाजत पत्र सम्वन्धी कार्यविधी २०७४

विधान

कृर्षि जन्य वस्तुको उत्पादन उत्पादकत्व  वढाउन उत्पादित समाग्रीलाइ सुलभ वनाउन विक्री वितरण भण्डारण व्यवस्थापन गर्न धासको उन्नत विउ उत्पादन एवं आय वृद्धी गर्न वचत संकलन वाट आत्म निर्भर हुनका लागी वनेको विधान  २०७४

निर्णय नं २

पहिलो गाउँ सभा देखि हाल सम्म गाउँपालिकामा गठन भएका विभिन्न विषयगत शाखा ,उपशाखा , समिति, उप समिति ,कार्यदल र गाउँ कार्यपालिकाले गरेका सम्पुर्ण निर्णयहरु सभामा पेश भइ छलफल समेत भएको र भएका निर्णयहरुलाइ अनुमोदन गर्ने निर्णय गरियो निर्णयहरुलाइ कार्यान्यिन गर्न गाउँपालिकालाइ अनुमति दिने निर्णय गरियो ।

निर्णय नं ३

आ.व २०७३।२०७४ को म.ले.प प्रतिवेदन सभामा पेश भइ दफावार छलफल भयो । म.ले.प ले दिएका सुझावहरुलाइ अनुसरण गर्ने र म.ले.प ले औल्याएको वेरुजुलाइ संम्परिक्षण गर्न गाउँपालिकालाइ निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं ४

शिक्षा नियमावली २०७४ गाउँ सभामा पेश भयो उक्त नियमावलीका वारेमा उठेका विषयहरुलाइ नियमावलीमा थप गरि संसोधनका लागी आगामी सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ५

यस गाउँपालिका क्षेत्रमा मदिरा जन्य पदार्थवाट व्यक्तिको पारिवारिक , सामाजिक ,सांस्कृतिक पक्षमा नकरात्मक अशर परिरहेको कारण यसलाइ न्यूनिकरण नियन्त्रण गर्न थप अध्ययन अनुसन्धान गरि ऐन नियमावली वनाइ  कार्ययोजना सहित कार्यन्वयन गर्ने सर्वसम्मत निर्णय गरियो

निर्णय नं ६

यस गाउँपालिकाको अर्धवार्षिक समिक्षा सभा समक्ष प्रस्तुत भयो ।अर्धवार्षिक समिक्षामा विषयगत शाखाहरुले सवै पक्षलाइ नसमेटी प्रगति पेश गरेकोमा आगामी सभामा सवै विषयवस्तु र कार्यप्रगति पेश गर्नु गाउँपालिकालाइ निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं ७

यस गाउँपालिकाका पदाधिकारीहरुलाइ वैठक भत्ता स्वरुप १५००। पन्ध्र सय मात्र उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं ८

यस गाउँपालिका अर्न्तगत रहनु भएका निर्वाचित गाउँपालिकाका अध्यक्ष उपाध्यक्ष वडा अध्यक्ष वडा सदस्य , गाउँ कार्यपालिका सदस्य हरुलाइ र सदस्य सचिवको पोशाकमा एकरुपता ल्याउनका लागी पोशाक खर्च रु  अधिकतम् १०००० दश हजार मात्र दिने निर्णय गरियो ।

मिति २०७५ साल वैसाख २१ गतेको कार्यपालिका वैठकका प्रस्ताव र  निर्णयहरु

प्रस्ताव नं : १ विद्यालय अनुगमन कार्यक्रम मिति २०७५।१।२३ देखि ।

प्रस्ताव नं : २ पहाडी साना किसानका लागी अनुकुलन कार्यक्रमको संचालनका लागी अनुरोध पत्र ।

प्रस्ताव नं : ३  गाउँपालिका रहेको भवन निर्माणको रकम भुक्तानी

प्रस्ताव  नं :४ सामाजिक परिचालकको सेवा सुविधामा सम्वन्धमा ।

प्रस्ताव नं : ५ अत्याआवश्यक औषधी खरिद

प्रस्ताव नं : ६ एफ एम संचालन

प्रस्ताव नं  ७ :  लाकुरी जनकल्याण मा.वि फिल्ड निर्माण स्रोत खोजी

प्रस्ताव नं  ८ : आर्थिक विकास समितिको काम कर्तव्य अधिकार

प्रस्ताव नं  ९ : करार सेवाका कर्मचारी भर्ना सम्वन्धी कार्यविधी स्वीकृती ।

प्रस्ताव नं  १०: नागरिक वडा पत्र तयारी

प्रस्ताव नं  ११: एच. आइ. भि. कार्यक्रम रकम वाडँफाड

प्रस्ताव नं  १२ : आ.डी कार्ड र पोशाक सम्वन्धमा

निर्णय नं : १

यस गाउँपालिकामा रहेका सामुदायिक र संस्थागत  विद्यालयहरुको समग्र पक्षको अनुमगन गर्नको लागी गाउपालिका स्तरमा तपशिलको अनुगमन समिति गठन गर्ने निर्णय गर्ने गरियो ।

तपशिल

गाउँपालिका अध्यक्ष                    संयोजक

गाउपालिका उपाध्यक्ष                    सदस्य

सम्वन्धित वडाका वडाध्यक्ष वा वडा समितिका सदस्य र सम्वन्धित वडाका कार्यपालिका सदस्य                    सदस्य (सम्वन्धीत वडामा मात्र )

प्रमुख प्रशासकीय अधिकृत                    सदस्य

शिक्षा शाखा प्रमुख                    सदस्य

स्रोत व्यक्ति                    सदस्य

गाउँ शिक्षा समितिको सदस्य १ जना    खगेन्द्रवहादुर थापा    सदस्य

निर्णय नं : २

यस गाउँपालिकामा पहाडी साना किसानका लागी अनुकुलन कार्यक्रम आ.व २०७४/२०७५ देखि  संचालन गर्न अनुरोध गर्ने निर्णय गरियो  ।

निर्णय नं ३

यस गाउँपालिका वडा नं ५ मा रहेको साविक डाँडापराजुल गाविसको कार्यालय भवन निर्माणका लागी द्धन्दोन्तर शान्ती तथा पुन: निर्माण परियोजनाको आर्थिक सहयोगमा साविक डाडाँपराजुल गाउ विकास समिति  र जिल्ला प्राविधिक कार्यालय दैलेख विच भवन निर्माण सम्वन्धमा सम्झौता भएकोमा साविक प्राविधिक कार्यालयमा रहेका साविकका कार्यक्रमहरु सम्वन्धीत  गाउपालिकामा हस्तान्तरण गर्ने भन्ने आ.व २०७४/२०७५ सालको वजेट वक्तव्यको वुदा नं २७ मा स्थानीय तहवाटै संचालन हुने गरि भन्ने व्यवस्था  रहेकोमा यस गाउँपालिकाको पहिलो गाउँसभावाट विभिन्न शिर्षकहरुमा रकम विनियोजन भइ सकेको

र यस शिर्षकमा रकम विनियोजन हुन नसकेकोले र  हाल गाउँपालिकामा भवन निर्माण कम्पनिलाइ रकम भुक्तानीका लागी कुनै रकम नभएकोले भुक्तानी दिन वाँकी रकम रु २१५६७८०।३१नेपाल सरकार अर्थ मन्त्रालयमा थप रकम माग गर्ने निर्णय गरियो ।

निर्णय नं ४

यस गाउँपलिकामा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको सहयोगमा करार सेवामा नियुक्त सामाजिक परिचालकहरुलाइ मिति २०७४ साल माघ महिना देखि २०७५ साल अषाढ मसान्त सम्म जम्मा ६ महिनाका लागी स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमवाट उपलब्ध हुने  निर्वाह खर्चका अलावा प्रति महिना रु ६ हजारका दरले संचार, दैभ्रभ ,र लुगा भत्ता स्वरुप उपलव्ध गराउने र सामाजिक परिचालकहरुलाइ टोल विकास संस्था गठन संचालन तथा व्यवस्थापन र सम्वन्धीत वडा कार्यालयको दैनिक प्रशासनिक कामका लगाउने निर्णय गरियो ।

निर्णय नं ५

यस गाउँपालिकामा गर्मी तथा वर्षातको समयमा हुने सक्ने  महामारीलाइ मध्यनजर गरि औषधी खरिदका लागी  रु २,००,०००। (दुइ लाख) रकम विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं ६

यस गाउँपालिमा एफ.एम रेडियो संचालन गर्ने कार्यको आवश्यक समन्वय गरि संभाव्यता अध्ययन गर्नै निर्णय गरियो ।

निर्णय नं ७

यस गाउँपालिका वडा नं २ मा रहेको जनकल्याण मा.वि को फिल्ड निर्माण कार्यको लागी वजेट नभएकोले यस गाउँपालिकाको अवलोकन भ्रमणका लागी विनियोजित रकम रु ५ लाख  विल भरपाई पेश भइसकेपछि विद्यालयलाइ अनुदान दिने निर्णय गरियो ।

निर्णय नं ८

यस गाउँपालिकामा प्राविधिक कर्मचारी करार सेवामा भर्ना गर्ने सम्वन्धी कार्यविधी २०७५ स्वीकृति गर्ने निर्णय गरियो ।

निर्णय नं ९

यस गाउँपालिकाको र वडा कार्यालयको नागरिक वडापत्र नभएकोले नागरिक वडापत्र तयारी , छपाइ , तथा प्रकाशन गर्नको लागी विल अनुसारको रकम भुक्तानी दिने निर्णय ।

निर्णय नं १०

यस गाउँपालिकामा रहेका एच.आइ.भि संक्रमितहरुलाइ गाउँपालिकाको पहिलो गाउँ सभावाट विनियोजित रकम रु १३५०००। एक लाख पैतिसहजार मात्र प्रति वडा २२५०० वाइस हजार पाँच सय मात्र विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं ११

यस गाउँपालिकामा रहेका सामुदायिक विद्यालयका शिक्षक ,कर्मचारी र गाउँपालिकामा रहेका सवै कर्मचारीहरुले अनिवार्य रुपमा डुङ्गेश्वर गाउपालिका लेखिएको परिचय पत्र र तोकिएको पोशाक अनिवार्य गर्ने गरियो ।

निर्णय नं १२

यस गाउँपालिकामा र वडामा गठन भएका आर्थिक विकास समितिहरुलाइ क्रियाशिल वनाइ प्रभावकारी वनाउने निर्णय गरियो ।

निर्णय नं १

आ.व २०७५।२०७६ सालको वजेट कार्यान्वयनको लागी मिति २०७५ साल जेष्ठ २३ गते देखि वस्ति स्तरका योजना छनौट कार्य सुरु गरि मिति २०७५ साल अषाढ १ गते सम्म छनौट गरि गाउँपालिका पेश गर्ने निर्णय गरियो ।

निर्णय नं २

यस गाउँपालिमा संचालित योजनाहरुको सार्वजनिक सुनुवाइ कार्यक्रम वडा कार्यलय सँग समन्वय गरि आयोजना गर्ने निर्णय गरियो साथै उक्त कार्यक्रमको लागी प्रति वडा रु २५०००। पच्चिस हजार विनियोजन गर्ने उक्त कार्य गर्न नौमुले पोष्टलाइ जिम्मा दिने र सम्झौता गर्दा जिल्ला पत्राकार महासंघको सिफारिसमा मात्र सम्झौता गर्ने निर्णय गरियो ।

निर्णय नं ३

यस गाउँपालिकाको समग्र वस्तु स्थिति झल्कने गरि डुकुमेन्टी तयार गर्नु पर्ने भएकोले सौगात संचार केन्द्रलाइ डुकुमेन्टी तयार गर्न रु १७५०००। एक लाख पचहत्तर हजारको परिधी भित्र रही निर्माण गर्न कार्यदेश दिने र उक्त रकम आगामी वर्षको वजेटवाट भुक्तानी गर्ने निर्णय गरियो र साथै उक्त संचार केन्द्रले कार्यालयले तोकेको ToR को अधिनमा रही कार्य आरम्भ गराउन गाउँपालिकालाइ जिम्मा दिने निर्णय गरियो ।

निर्णय नं ४

यस गाउँपालिका क्षेत्र भित्र यस गृष्मयाममा आएको हावा हुरीवाट तपशिलका सरकारी तथा निजी संरचनामा क्षति पुगेको भनि सम्वधित निकायवाट मर्मतका लागी अनुरोध भइ आएकोमा उक्त संरचनामा मर्मत गर्नको लागी प्राविधिक खटाइ लागत अनुमान तयारी गरि रकम विनियोजन गर्ने निर्णय गरियो ।

तपशिल

१) जनक आधारभुत विद्यालय वडा नं ३

२) लाकुरी स्वास्थ्य चौकी मातहत वडा नं २ को खोप केन्द्र

३) सामुदायिक भवन वडा नं १ चुप्रा

४) सम्सान घाट टहरो वडा नं १

५) ने रा आधारभुत विद्यालय  विजयकोट  वडा नं २

६)  ने रा आ. वि  पाडकोट वडा नं ५

७) दलित नेटवर्क वडा नं ५

८) पिपलचौतारा मा.वि वडा नं ५

निर्णय नं ५

यस गाउँपालिका वडा नं ३ मा रहेको गीता आधारभुत विद्यालय कल्सेढुगा र सिता मा.वि अवलपराजुल वडा नं ४ को शिक्षक छनौट प्रकृया अगाडी वढाउन शिक्षा नियमावली अनुसार गर्न सम्वन्धीत विद्यालयलाइ जिम्मा दिने निर्णय गरियो ।

निर्णय नं ६

यस गाउँपालिकाका तपशिलमा उल्लेखित कार्यक्रमका लागी रकम नपुग र  नयाँ कार्यक्रम संचालन गर्नको लागी तपशिल वमोजिम रकम विनियोजन गर्ने गर्ने निर्णय गरियो ।

तपशिल

- शिक्षा अनुगमन भ्रमण
- गाउँपालिका क्यालेन्डर रु
- गाउँपालिका स्तरिय विद्यालय अनुगन।
- वडा नं २ को वडा कार्यालय तथा मर्मत : स्प्टिमेट अनुसार भए चालु आ.व
- राउटे सहयोग कार्यक्रम (विविध )
- दैलेख- सुर्खेत सडक डुङ्गेश्वर जिरो प्वाइन्ट सडक मर्मत :५००००।

निर्णय नं ६

यस गाउँपालिकाको एम्वुलेन्स खरिदको लागी सिप्रदी टाटा कम्पनिवाट अग्रीम रुपमा रकम माग गरेकोमा उक्त रकम अग्रमी रुपमा सिप्रदी टाटा कम्पनिलाइ माग वमोजिम पेस्कि स्वरुप उपलव्ध गराउन गाउँपालिकालाइ जिम्मा दिने निर्णय गरियो ।

निर्णय नं ७

यस गाउँपालिकामा निर्माण भएको सडकहरुको नियमित मर्मत संभार गर्ने कार्यको लागी आउदो गाउँ सभावाट अनुमोदन हुने गरि पिटौली ( सडक मर्मत कार्यका ) प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

निर्णय नं ८

यस गाउँपालिकामा साविकको डुगेश्वर गाउपालिका को अगुवाइमा र पहाडी साना किसानका लागी अनुकुलन आयोजनाले निर्माण गरेका वडा नं २,३,४,५र ६ को स्थानीय अनुकुलन कार्ययोजना हस्ताक्षर सहित अनुमोदन तथा स्वामित्व ग्रहण गरियो ।

निर्णय नं ९

आगामी आ.व २०७५।२०७६ मा गाउपालिका तथा वडाको संयुक्त साझेदारीमा स्थानीय अनुकुलन कार्ययोजना -लापा) कार्यान्वयनको लागी आशा प्रोजेक्ट सँग संयुक्त साझेदारी गरि कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं १०

साविक वेलपाटा गाउँपालिका वडा नं १ वेलपाटामा साविक गाविस हुदा निर्माण भएका स्थानीय अनुकुल योजनालाइ यसै आर्थिक वर्षवाट पुनः सुदृढ गर्नको लागी अनुकुलन आयोजना लाइ अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं ११

यस आर्थिक वर्षका लागी संचालन गर्न सकिने योजनाहरु स्थानीय अनुकुलन योजना मा उल्लेख भए अनुसार आवश्यकता वमोजिम सम्वन्धीत वडा र स्थानीय अनुकुलन कार्ययोजनालाइ संचालन गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं १२

यस गाउँपालिकामा व्यक्तिगत जग्गामा रहेको रुख विरुवाहरुको कटानी तथा निकाशी गर्दा सम्वन्धीत वडा कार्यालयले अनिवार्य रुपमा अनुमति दिने र अनुमति सँग सम्वन्धीत कार्यविधी गाउँपालिकाले तयार गरि कार्यविधीलाइ गाउँ कार्यपालिकावाट अनुमोदन गरि कार्यविधी अनुसारको निकाशी तथा कटानी दस्तुर निर्धारण गर्ने निर्णय गरियो । कार्यविधी तयार नहुन्जेल सम्मका लागी प्रति क्यू फिट १५ प्रतिशत लिने निर्णय गरियो ।

निर्णय नं १३

यस गाउँपालिका वडा नं २ को मिति २०७५ साल जेष्ठ १७ गते वसेको वडा समितिको निर्णय ५ वमोजिम आ.व २०७४।२०७५ सालको वजेटवाट विनियोजन भएको गडगेटी धारी खापा योजनामा विनियोजन भएको ९०००० हजार मध्ये ४५०००। सोही योजना र वाँकी रकम रु ४५०००। पोरी खोला खा.पा निर्माण शिर्षकमा विनियोजन गर्ने गरि सदर गरियो ।

निर्णय न १४

यस गाउँपालिकाको गाउँपालिका शिक्षा समितिले तयार गरेको अनुगमन प्रतिवेदनलाइ आधार मानि तयार भएको सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारी दरवन्दी मिलान तथा विद्यालय घटाउने थप्ने कार्यविधी २०७५ स्वीकृत गर्ने र उक्त कार्यविधीलाइ हुवहु लागु गर्न गाउँपालिका शिक्षा समितिलाइ जिम्मा दिने निर्णय गरियो ।,

निर्णय नं १

यस गाउँपालिकामा रहेका सामाजिक परिचालकहरुको भुलवस पारिश्रमिक गाउँपालिकाको सर्वसंञ्चित कोषमा जम्मा हुन गएकोले उक्त रकमलाइ सामजिक परिचालकको जम्मा हुन गएकोले उक्त रकमको भुत्तानीको लागी गाउँपालिकालाइ निदेशन दिने निर्णय गरियो ।

निर्णय नं २

यस गाउँपालिका अर्न्तगत रहेका सामुदायिक विद्यालयहरुलाइ यस गृष्म मौशममा आएको हावाहुरीले क्षति पुरयाएकोमा क्षतिका आधारमा रु  न्यूनतम् २००००। वीसहजार देखि अधिकतम् २५००० पञ्चिसहजार सम्म मर्मतका लागी आकस्मिक कोषवाट दिने निर्णय गरियो ।

निर्णय नं ३

यस गाउँपालिका वडा नं २ मा निर्माणाधिन सिंचाइ  पाइप पोखरी निर्माणका लागी लागत अनुमानमा ११० एम एम पाइप राखिएको तर कार्यान्वयन गर्ने क्रममा ६३ एम एम मात्रको पाइप राखि सिंचाइ प्रयोजनका लागी प्रयोग भएकोले ६३ एम एम मात्रको पाइप लाइन अनुसार नै कार्य सम्पन्न गर्न गाउपालिका कार्यालयलाइ निर्देशन दिने निर्णय गरियो ।

निर्णय न ४

यस गाउपालिका वडा नं २ को साविक ६ नं वडामा पुर्ण सरसरफाइ कार्यक्रम घोषणाका लागी रु ४०००० चालीस हजार मात्र  विनियोजन गर्ने गर्ने निर्णय गरियो ।

निर्णय नं ५

यस गाउँपालिकामा अति गरिव महिलाको लागी आर्यआर्जन कार्यक्रमको विनियोजित रकम रु ३०७८००। मध्ये प्रत्येक वडालाइ रु ५१००० का दरले विनियोजन गर्ने निर्णय गरियो

निर्णय नं ६

यस गाउपालिका वडा नं २ मा रहेको शिवालय हिल्साको स्टीमेट अनुसार थप काम भएका ले रु थप १०००००। एक लाख र थप ३०००० तीस हजार शिवालय मन्दिर मन्दिरमा विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं ७

यस गाउँपालिका वडा नं ५ मा रहेको पिपल चौतारा मा.वि लाइ सोलार खरिद गर्नको लागी १५००००। एक लाख मात्र विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं ८

यस गाउँपालिका कार्यालयमा कार्यालय प्रमुख प्रयोजनको लागी एक थान मोटर साइकल विषयगत शाखाको प्रयोजनको लागी थान एक थान मोटर साइकल उपलव्ध गराउने निर्णय गरियो ।

नर्णय नं १

यस गाउँपालिकाको आ.व २०७४।२०७५ सालको वार्षिक वजेटमा विनियोजन भएको वजेटमा वडा कार्यालय तर्फ विनियोजन भएको दैनिक भ्रमण खर्च शिर्षकलाइ अनुगमन शिर्षकमा  रकमान्तर संसोधन गर्ने निर्णय गरियो ।

निर्णय नं २

यस गाउँपालिकाको कार्यपालिका र गाउँपालिकामा गठन भएका विभिन्न समिति उप समितिहरुवाट विभिन्न मितिहरुमा  भएका सवै निर्णयहरुलाइ अनुमोदनका लागी गाउँ सभामा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय ं ३

यस गाउपालिकाको राजश्व परामर्श समितिले पेश गरेको आगामी वर्ष देखि लागु हुने कर दस्तु शुल्कलाइ ंअनुमोदनको लागी गाउ सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ४

यस गाउँपालिकामा कार्यरत इन्जिनियर श्री मधु केसी सहलेखापाल श्री नविन पाण्डे र कार्यालय सहयोगी टिकाराम पोखरेललाइ पुरुस्कृत गर्ने र जनही रु ५००० पाँच हजार मात्र उपलव्ध गराउने गरी गाउँ सभामा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं ५

यस गाउँपालिका र वडा कार्यालयहरुमा र विभिन्न विषयगत शाखाहरुमा कार्यरत करार कर्मचारीहरु र करार सेवामा कार्यरत सामाजिक परिचालकहरुको करारनामा थप गर्ने गरि गाउँ सभामा सिफारिस गरियो ।

निर्णय नं ६

यस गाउँपालिकाको आ.व २०७४।२०७५ सालको तलवी प्रतिवेदन स्वीकृतिका लागी गाउँ सभामा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय न.७

यस गाउँपालिकामा अतिरिक्त समयमा काम गर्ने कर्मचारीहरुको प्रोत्साहन रकमलाइ निरन्तरता दिन गाउँ सभामा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं ८

यस गाउँपालिकामा हुने विकास निर्माणहरुको लागत अनुमान तयार गर्दा दैलेख जिल्लाको दररेटलाइ आधार मानि जिल्ला समन्वय समितिले तयार गरेको आगामी आ.वको दररेट अनुसार काम गर्ने र आवस्यकता अनुसार स्थानीय दररेट राख्दा जिल्ला दररेटलाइ आधार मान्ने गरि स्विकृतिका लागी गाउँ सभामा पेृश गर्ने निर्णय गरियो ।

निर्णय नं ९

यस गाउँपालिमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले उपलव्ध गराएको दरवन्दी चार्टलाइ हुवहु अनुमोदन  गर्न तथा यस गाउँपालिका लागी आवश्यकताका आधारमा विभिन्न विद्यालयहरु , विषयगत शाखा ,तथा वडा कार्यालय हरुमा करार सेवामा लिन सकिने गरि गाउँ सभामा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं १०

्यस गाउँपालिकाका विभिन्न विषयगत समितिहरुले पेश गरेको प्रतिवेदन कार्यपालिका पेश भयो । उक्त समितिले दिएका प्रतिवेदनहरुले दिएका राय सुझावहरुलाइ हुवहू अनुशरण गर्ने र उक्त प्रतिवेदनलाइ स्वीकृतीका लागी गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ११

यस गाउँपालिकामा गठन हुन नसकेका विभिन्न शाखाहरु स्थापना गर्न गाउँपालिलाइ निर्देशन दिने गरि गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं १२

यस गाउपालिकामा रहेका श्रमिक महिलाहरुलाइ  गर्भाअवस्थामा रहेको अवस्थादेखि वच्चा जन्मेको २ महिना सम्मका रकम उपलव्ध गराउने प्रयोजनका  लागी तथ्याक संकलन  गर्ने र आवश्यकताका आधारमा पहिचान गर्ने निर्णय गरियो ॥

निर्णय नं १३

यस गाउँपालिकाको खरिद योजना वनाइ लागु गर्न गाउँपालिका कार्यालयलाइ निदेशन सहित गाउँ सभामा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं १४

यस गाउपालिकाका तपशिलमा उल्लेखित योजनाहरु नेपाल सरकार र प्रदेश सरकार सँग माग गर्ने गरि गाउँ सभामा सिफारिस गर्ने निर्णय गरियो ।

तपशिल

**सिचाइ तर्फ**

- वेल्पाटा लिप्ट सिंचाइ वडा न. १
- माथिल्लो विजयाकोट देखि तल्लो विजयकोट सम्म सिंचाइ कुलो निर्माण वडा नं २
- चुप्रा लोहोरे खोाल देखि वाघखोर वेलपाटा लिप्ट सिंचाइ  वडा नं १
- तिमिलीखेत सिंचाइ आयोजना वडा नं ६
- वलेना खेत सिंचाइ आयोजना वडा नं ६
- रिठा पाडुला सिंचाइ आयोजना वडा नं ६
- पराजुली खोाल सिंचाइ आयोजना वडाखेत वडा नं ६
- पारिखेत पानिनाउला सिचाइ वडा नं ५
- माथिल्लो पाडकोट वशी पधेरा पानिनाउला सिंचाइ कुलो वडा नं ५
- चंखिला पोखरी पाटा सिंचाइ कुलौ  वडा नं ५
- मटेला सिंचाइ कुलो वडा नं ५
- वडा खोला गुयाली हुदै लाकुरी खालडाडा थान्डाडा सिंचाइ कुलो वडा नं २
- गौते खोली हुदै लाकुरी खाम्टे टोल दलित वस्ती सिंचाइ  वडा नं २
- देउती गैरा पैयाचौर सेर्माकोट अतुराली सिंचाइ कुलो् वडा नं २
- दाउरेखर्क सेर्माकोट पाइप सिंचाइ वडा नं २
- आग्रेनिक कृर्षि पर्यटन क्षेत्र घोषणा कार्यक्रम वडा नं २
- वडा खोला सिलाजु सिंचाइ कुलो वडा नं २
- कुइया सिंचाइ कुलो वडा नं २

- चिप्लेढुगा आरुखेत सिंचाइ कुलो निर्माण  वडा नं ३
- तल्लो साँगखोला मडकेनी  सिचाइ कुलो वडा नं २
- वाउन धारा सिंचाइ कुलो वडा नं १

**पुल तर्फ**

- भडार खोला झोलुगे पुल
- दमाह खेत झोलुगे पुल
- खाडाखोला पक्कि पुल
- विजयकोट पाडकोट सीमखोला मोटरेव्वल पुल
- हनेटी खोला मोटरेवल पुल
- भैरी खोला मुल
- पराजुली खोाल पुल
- वलेना मटेला खोला देखि ओइरी जोडने झोलुगे पुल

**विद्युतीकरण**

- गाउँपालिकाका विजुली नपुगेका  सवै वडाहरु

**सडक तर्फ**

- आगो धुवाउने विउराखेत अवलपराजुल पाडकोट विजयकोट शिखरद्धारी
- चुप्रा जर्सी चोक देउली कुइया हुदै शिखर द्धारी सडक
  चुप्रा वलेना पैयाचौर सेर्माकोट सडक
- लटाली पाडुला भलाया डाँडा
- घोडावास , आग्र विउराखेत सडक
- डुगेश्वर जमुना सडक पिच सहितको
- विजयकोट सिमखोला पाडकोट सडक  वडा नं २
- डुगेश्वर धर्मपोखरा सडक
- मटेला पाडकोट सडक वडा नं ३

- वासखर्क ढुग्प्र चिपीड सडक वडा नं ३
- रातामाटा कल्स्‌ढुग्रा सडक वडा नं ३
- डाडापराजुल जडी कुइया सडक

## विद्यालय तर्फ

- चुप्रा त्रिवेणी संगम विद्यालय कम्पान्ड वाल
- भैरम थान विद्यालय लाकुरी पर्खाल निर्माण
- सिता जनसहयोग मा.वि अवलपराजुलमा कृर्षि क्याम्पस संचालनको लागी भवनको निर्माण कार्यको लागी प्रदेश सरकार सँग माग गर्ने । वडा नं ४
- गणेश प्रावि खानाी चौर दुइ कोठे भवन वडा न ६
- देविस्थान निमावी डुगेश्वर दूइ कोठे भवन वडा नं ६
- जनहित प्रावि ओइरी दुइ कोठे भवन नं ६
- नेरा आधारभुत विद्यालय ४ कोठे भवन  वडा नं ५
- नारायण आवि पोखरी पाटा ४ कोठे  भवन
- सरस्वती  आ.वि भित्री खोला विद्यालय भवन ४ कोठे
- डुगेश्वर वजार खेल मैदान  वडा नं ६
- नेरामावि हनेट ६ कोठे भवन निर्माण वडा नं ३
- सिद्ध मालिका आवि भवन निर्माण रातामाटा वडा नं ३
- चुप्रा फुटवल खेल मैदान वडा नं १
- चुप्रा  कर्वड हल वडा नं १
- सेर्माकोट विद्यालय घेरवार वडा नं २
- देउली आउट डोर गेमका लागी खेलमैदान निर्माण
- कोटदेवल जनआदर्श क्याम्पस आठ कोठे भवन निर्माण
- जनकल्याण माध्यामिक चार कोठे भवन निर्माण सेर्माकोट

## पर्यटन तर्फ तथा धर्म संस्कृति

- भुमेको थान मन्दिर वडा नं १

- मालिका पर्यटन क्षेत्र पर्यटन क्षेत्र विस्तार वडा नं ३
- कुइया ताल पर्यटन गुरुयोजना वडान ं २
- डुगेलवावा मन्दिर निर्माण तथा तारवार वडा नं ६
- वात्थला महादेव मन्दिर  वडा नं ५
- मस्टो थान मन्दिर मटेला वडा नं १
- कालिका मन्दिर निर्माण वडा नं ३
- भैरव मन्दिर वडा नं ५
- अवलपराजुल मस्टो थान मन्दिर वडा नं ४
- रावलकुल देवता मन्दिर निर्माण वडा नं ३
- भैरवस्थान मन्दिर वडा नं २
- शिव मन्दिर सेर्माकोट वडा नं २
- देवीस्थान मन्दीर घेरवार सेर्माकोट वडा नं २
- भैरवथान मन्दिर पैयाचौर वडा नं २
- मस्टा वन्डाली निर्माण वडा नं ५

**कृर्षि तर्फ**

छान्ना कोल्ड स्टोर  भवन निर्माण

ह्ाटवजार वडा नं २

**खानेपानी तर्फ**

- मुखरिया खोला देखि चुप्रा सम्म खानेपानी आयोजना
- रकचना वृहत खानेपानी आयोजना
- लाप्का खोला सेर्माकोट वृहत खानेपानी आयोजना
- पराजुली खोला डाडागाउँ लिप्ट खानेपानी आयोजना
- वास्कोटी लिम्सीया लिप्ट खानेपानी आयोजना
- मटेला पाडकोट लिप्ट खानेपानी आयोजना
- माथिल्लो गोटपाडा लिप्ट खानेपानी आयोजना

- खाडग्रा देउती गैरा वात्थला मुखियाटोल नायक टोल खोनेपानी निर्माण
- लटाली आग्र ज्यामिर खानेपानी आयोजना
- माथिल्लो हनेटा खानेपानी आयोजना
- कुइया देउली सर्माकोट खानेपानी योजना

**तटवन्धन तर्फ**

- भैरीखोला विउराखेत तटवन्धन
- डुगेश्वर पुल देखि लोखा सम्म तटवन्धन
- सिस्नेटार लोहोरे खोला तटवन्धन
- चुप्रा लोहेरे खोला तटवन्धन
- पानि नाउला अलैची खेत नुवा खेत तटवन्धन
- जारे खोला मटेला तटवन्धन

**स्वास्थ्य**

स्वास्थ्य चौकी लाकुरी प्रशुति गृह निर्माण

गाउपालिकामा स्तरीय अस्पताल निर्माण वेल्पाटा

गाउँपालिका स्तरिय अस्पताल डाडाँपराजुल

वडा कार्यालय भवन

वडा नं २ को वडा कार्यालय भवन

वडा नं २  स्वस्थ्य चौकी लाकुरीमा ल्याव सेवा संचाल

निर्णय नं १५

यस गाउँपालिकाको लागी दुरीका जानकारी राख्नको लागी जिल्लाको र गाउँपालिकाको दुरीलाइ स्वीकृतीको लागी गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं १६

यस गाउँपालिका लागी चाहिने तपशिलमा उल्लेखित ऐन नियम कार्यविधी स्वीकृतीका लागी गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

तपशिल

**ऐन**

- विनियोजन ऐन २०७६
- आर्थिक ऐन २०७६
- घ वर्गको निर्माण व्यवशाय ऐन २०७५
- पशु वधशाला ऐन २०७५
- संस्था दर्ता ऐन २०७५
- सहकारी ऐन २०७५
- आकस्मीक कोष ऐन २०७५
- एफ एम रेडियो संचालन तथा व्यवस्थापन ऐन २०७५
- कृषि व्यवशाय प्रवद्धन ऐन २०७५
- गाउँ जोखिम विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७५
- पदाधिकारीहरुको पारिश्रमिक सेवा सुविधा ऐन २०७५

**कार्यविधि**

- करार कर्मचारी भर्ना कार्यविधी २०७५
- कर्मचारी कल्याण कोष कार्यविधी
- एकिकृत सम्पति कर कार्यविधी
- विद्यालय अनुदान कार्यविधी
- सामुदायिक विद्यालयहरुमा शिक्षक तथा कर्मचारी दरवन्दी मिलान तथा विद्यालय तह घटाउने वढाउने कार्यविधी २०७५

- उर्जा विकास कार्यविधी २०७५
- मदीरा नियन्त्रण कार्यविधी २०७५
- समिति उपसमिति गठन कार्यविधी २०७५
- आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधी २०७५
- खानेपानी र सरसफाइ तथा फोहरमैला व्यवस्थापन कार्यविधी
- मर्मत संभार कार्यविधी
- पशु तथा कृषि विकास कार्यक्रम संचालन कार्यविधी

निर्णय १६

डुगेश्वर गाउँपालिका शिक्षा नियमावली २०७४ मा शिक्षा विद्यार्थी अनुपाद दरवन्दी मिलान गर्दा शैक्षिक सत्र सुरु भएको १ महिना भित्र गरिनेछ भन्ने व्यवस्था भएतापनि यस गाउँपालिकाको पहिलो चालु वर्षमा उक्त कार्य सम्पन्न गर्न नसकिने भएकोले आगामी आवको पहिलो महिना भित्र उक्त कार्यलाइ  गरिसक्नु भनि गाउँ शिक्षा समितिलाइ निर्देशनको स्वीकृतीको लागी गाउ सभामा सिफारिस गर्ने निर्णय गरियो

निर्णय नं १७

यस गाउँपालिका वडा नं ३ को चौखुडा रातिमाटा सडक अधिल्ला आ.व हरुमा निर्माण भएको भुक्तानी दिन वाँकी रहेकोले उक्त सडक को कार्य प्रगति हेरी स्थलगत अध्ययन गरि भुक्तानीको प्रक्रिया वढाउन गाउँ सभावाट स्वीकृती का लागी पेश गर्ने निर्णय गरियो ।

निर्णय नं १७

यस गाउँपालिका वडा नं ३ वाले मा गाउँ खोप क्लिनीका लागी ससर्त अनुदानमा रकम रु ६००००० प्राप्त भएकोमा उक्त रकमलाइ वाले र ज्यामुना टाकुरा आग्रमा संचालन गर्नको लागी रु ३ , ३ लाख विनियोजन गर्ने गाउँ सभामा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं १८

यस गाउँपालिकामा गठित गाउँ शिक्षा समितिको मिति २०७५ साल २ महिना ३१ गते वसेको वैठकको निर्णय अनुसार सिफारिस भइ आएका निर्णयहरुलाइ गाउँ सभामा हुवहु स्वीकृतिका लागी सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं १९

यस गाउपालिकामाको  आ.व २०७५ । २०७६ सालमा संघिय सरकार प्रदेश सरकार र अन्य निकायहरुवाट प्राप्त वजेटलाइ कार्यान्वयन गर्न तपशिलका पुजिँगत योजना कार्यक्रम र चालु शिर्षकमा खर्च गर्ने गरि स्वीकृतीका लागी गाउँ सभामा पेश गर्ने निर्णय गरियो

निर्णय नं २०

यस गाउँपालिमामा राजश्व परामर्श समिति वाट प्राप्त तपशिलमा उल्लेखित कर दस्तुर शुल्कलाइ आ.व २०७५ ।२०७६ साल देखि कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं २१